आज मिति २०७५ साल पौष महिनाको ५ गते विहीबारका दिन दिनको ठिक १.०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्ग ज्यू को अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

तपशिल :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , सदस्य (नगर कार्यपालिका )
श्री सबिता रसाईली , नगर उपप्रमुख ,सदस्य (नगर कार्यपालिका)
श्री रवि चन्द्र पौडेल, सदस्य (नगर कार्यपालिका)
श्री जगत बहादुर गुरुङ्ग ,सदस्य (नगर कार्यपालिका)
श्री राम कुमार श्रेष्ठ ,सदस्य (नगर कार्यपालिका)
श्री शिव कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)
श्री दिर्घ बहादुर थापा, सदस्य (नगर कार्यपालिका)
श्री कृष्ण बहादुर पौडेल, सदस्य (नगर कार्यपालिका)
श्री राम बहादुर क्षेत्री थापा, सदस्य (नगर कार्यपालिका)
श्री विल बहादुर गुरुङ(का.व अध्यक्ष ), सदस्य (नगर कार्यपालिका)
श्री लोक नारायण श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)
श्री रामचन्द्र भण्डारी, सदस्य (नगर कार्यपालिका)
श्री दल बहादुर थापा, सदस्य (नगर कार्यपालिका)
श्री मनराज गुरुङ्ग, सदस्य (नगर कार्यपालिका)
श्री दानु अधिकारी सापकोटा, सदस्य (नगर कार्यपालिका)
श्री गिता महत, सदस्य (नगर कार्यपालिका)
श्री विष्णुमाया ढकाल लम्साल, सदस्य (नगर कार्यपालिका)
श्री रिता कुमारी भुजेल थापा, सदस्य (नगर कार्यपालिका)
श्री सानुमाया महत, सदस्य (नगर कार्यपालिका)
श्री कुल बहादुर भुजेल, सदस्य (नगर कार्यपालिका)
श्री खिम बहादुर कुमाल, सदस्य (नगर कार्यपालिका)
श्री भरत लामगादे, सदस्य (नगर कार्यपालिका)
श्री मोहन प्रसाद मरासिनी ,प्र.प्र.अधिकृत एवम सचिव ( नगर कार्यपालिका )

अन्य उपस्थिति

Scanned by CamScanner

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुले टार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं. १ : गण्डकी प्रदेश सरकारबाट प्रस्ताव गरिएको गण्डकी विश्वविद्यालय स्थापनाका लागि शुक्लागण्डकी नगरपालिका वडा नं. ५ मा अवस्थित भानुभक्त क्याम्पस, जि.पी. कोइराला स्वास्व प्रस्वास केन्द्र, प्रहरी महाविद्यालय र सो वरपर रहेको नम्बरी तथा प्रति जग्गा र सोही स्थानको पारी तर्फ शुक्लागण्डकी बडा नं. ८ मा रहेको प्रति जमिन उपयुक्त रहेकोले सो स्थान उपलब्ध भएमा सोही ठाउमा विश्व विद्यालय स्थापना गर्ने तर्फ प्रदेश सरकार अग्रसर भएको सन्दर्भमा स्थानीय राजनीतिक दल, नागरिक समाज तथा उद्योग बाणिज्यसंघ लगायतका संस्थासंग छलफल गर्दा उहाँहरुबाट समेत विश्व विद्यालय स्थापना गर्न दिने विषयमा सकारात्मक राय प्राप्त भएकोले भानुभक्त क्याम्पस सोही स्थानमा यथावत रुपमा संचालन हुने गरी गण्डकी प्रदेश सरकारबाट प्रस्ताव गरिएको गण्डकी विश्वविद्यालय स्थापनाका लागि आवश्यक प्रकृया अगाडी बढाउन प्रदेश सरकारलाई अनुरोध गर्ने ।

निर्णय नं. २ : अपाङ्गता भएका व्यक्तिहरुको लागि परिचयपत्र वितरण गर्ने कार्य साविकमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत महिला तथा बालबालिका कार्यालय मार्फत हुदै आएकोमा संघीयताको कार्यान्वयन संग उक्त कार्यालयमा खारेजीमा परेको र सो कार्यालयबाट वितरण हुदै आएको अपाङ्गता परिचय पत्र नगरपालिकाबाटै वितरणको व्यवस्था मिलाउन पर्ने हुनाले अपाङ्गता परिचय पत्र वितरण कार्यलाई नियमन/सहजीकरण गर्न "अपाङ्ग परिचय पत्र वितरण कार्यविधि, २०७५" स्वीकृत गर्ने ।

निर्णय नं. ३ : शुक्लागण्डकी नगरपालिका क्षेत्रभित्रबाट निस्कासन हुने फोहरमैलाको व्यवस्थापन गर्ने सन्दर्भमा नगरपालिका क्षेत्रबाट निस्कने समग्र फोहरको आर्थिक पक्षको अध्ययन र व्यवस्थापन विधि लगायतका लागि परामर्शदाता मार्फत अध्ययन गराउन पर्ने आवश्यकता भएकोले नगरपालिकाको आन्तरिक श्रोतबाट रु. ५ लाखमा नबढ्ने गरी अध्ययन प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ४ : चालु आर्थिक वर्ष ०७५/०७६ का लागि नगरसभाबाट स्वीकृत वजेट अन्तर्गत सामाजिक विकास तर्फको वजेट सामाजिक विकास शाखाबाट पेश भए बमोजिम बाडफाड स्वीकृत गर्ने ।

निर्णय नं. ५ : चालु आर्थिक वर्ष ०७५/०७६ का लागि नगरसभाबाट स्वीकृत वजेट अन्तर्गत शिक्षा तर्फ रु. ७६ लाख मात्र विनियोजन भएकोमा उक्त वजेटबाट शिक्षा क्षेत्रको समग्र माग लाई सम्बोधन गर्न नसकिने हुनाले नगरपालिकाको आन्तरिक श्रोत बाट रु. १ करोड थप गर्ने । यसरी शिक्षा तर्फ विनियोजन भएको कुल रकम मध्ये रु. ३८ लाखबाट शैक्षिक विकास तथा सुधार सम्बन्धी तालिम, क्षमता विकास र संस्थागत विकास सम्बन्धी कार्यक्रम बनाई शिक्षा शाखाले पेश गर्ने र बाँकी रहेको रकमबाट देहायका विद्यालयलाई नमुना विद्यालय व्यवस्थापन निर्देशिका बमोजिम नमुना विद्यालयको रुपमा विकास गर्ने गरी नमुना विद्यालय व्यवस्थापन मापदण्ड अनुसारका क्रियाकलाप संचालन गर्ने । साथै नमुना विद्यालयमा नपरेका अन्य विद्यालयको हकमा सोही रकम भित्रबाट आवश्यकता र

Scanned by CamScanner

प्राथमिकताको आधारमा खानेपानी, सौचालय, विद्यालय भवन मर्मत सम्भार जस्ता पुर्वाधार विकासमा लगानी गर्ने ।

प्रस्तावित नमुना विद्यालय

- गाउँफर्कोदय मा.वि. शक्लागण्डकी नगरपालिका वडा नं. ८
- खैरेनीटार मा.वि. शक्लागण्डकी नगरपालिका वडा नं. ६
- सरस्वती मा.वि. शक्लागण्डकी नगरपालिका वडा नं. १
- जनकल्याण मा.वि. शक्लागण्डकी नगरपालिका वडा नं. ५
- शहीदकृष्ण मा.वि. शक्लागण्डकी नगरपालिका वडा नं. ३
- कुस्मावति आधारभुत विद्यालय, शक्लागण्डकी नगरपालिका वडा नं. ७
- जनशिशुकल्याण आधारभुत विद्यालय, शक्लागण्डकी नगरपालिका वडा नं. १२
- सुर्य आधारभुत विद्यालय, शक्लागण्डकी नगरपालिका वडा नं. १०

निर्णय नं. ६ : शुक्लागण्डकी नगरपालिका भित्र संचालनमा रहेका क्रशर उद्योगहरुले उद्योगबाट निस्कने फोहर पानी सिधै नदीमा पठाउदा नदीको पानी अत्यधिक प्रदुषित भएको हुनाले पानी सुद्धिकरण गरेर मात्र नदीमा पठाउने गरी उचित व्यवस्था मिलाउन सबै क्रशर उद्योगलाई १५ दिनको समय दिने । १५ दिन भित्र सोको व्यवस्थापन नमिलाएमा उद्योग बन्द गर्न लगाउने ।

निर्णय नं. ७ : शुक्लागण्डकी वडा नं. ७ को सिमाना स्थित कुम्ले खोला र सेती नदीमा भिमाद नगरपालिका र म्याग्दे गाउँपालिकाले लगाएको ढुङ्गा, गिटी तथा बालुवा उत्खनन् तथा विक्री सम्बन्धी ठेक्काको कारण सो क्षेत्रमा रहेको कुम्ले खोलाको पक्की पुल र झोलुङ्गे पुल जोखिममा रहेकोले उक्त उत्खनन कार्यलाई तत्काल रोक्न सम्बन्धित गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने ।

निर्णय नं. ८ : प्रत्येक निर्वाचन क्षेत्रमा १/१ वटा सामुदायिक विद्यालयलाई नमुना विद्यालय बनाउने नेपाल सरकारको नीति बमोजिम तनहू जिल्ला निर्वाचन क्षेत्र नं. २ अन्तर्गत शुक्लागण्डकी नगरपालिका वडा नं. ४ मा रहेको पन्चमुनीदेव माद्यामिक विद्यालयले नमुना विद्यालय सम्बन्धी गुरु योजना तर्जुमा गरेकोले उक्त गुरु योजना स्वीकृत गर्ने ।

निर्णय नं. ९ : शुक्लागण्डकी नगरपालिका वडा नं. ११ हुदै हरिनाश गाउँपालिका जोड्ने मोटर मार्ग मर्मत सुधारका लागि वडा नं. ११ बाट रु. १० लाख विनियोजन भएकोमा प्राविधिकबाट लागत अनुमान तयार गर्दा थप ५ लाख लाग्ने देखिएकोले उक्त रकम नगरपालिकाको आन्तरिक कोषबाट थप गर्ने ।

निर्णय नं.१०: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ (च) अनुसार आ.व. ०७५/०७६ को ढुंगा, गिट्टि, बालुवा, ग्राभेल उत्खनन् गरी विक्री गर्ने कार्यको लागि बोलपत्र आब्हान भए बमोजिम पर्न आएका बोलपत्र मध्ये मूल्याङ्कन गरी नियमानुसार ठेक्का सम्झौताका लागि सम्पर्क राख्न पत्राचार भएकोमा ठेक्का नं. ९–आय ०७५/७६ पुल्चोक घाट दायाँ किनारा (गुरुङ्ग चिहानको पारिपट्टी) को बोलपत्रदाता चार्टर कन्स्ट्रक्सन प्रा.लि., पोखरा, कास्कीले घाटसम्म पुग्ने बाटोमा स्थानीय

Scanned by CamScanner

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

समुदायले अवरोध गरी सामान उत्खनन् तथा निकासी गर्न नदिएको भनी निवेदन दिएकोले हाललाई उक्त ठेक्का रद्ध गर्ने । यसैगरी ठेक्का नं. १०– आय ०७५/७६किमलडाँडा ख घाट दायाँ किनाराको बोलपत्रदाताभुवन निर्माण सेवाले सम्झौता गर्न आउनु भनी दिएको पत्र जारी भएको पत्र समेत बुझ्न नआएको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम बोलपत्र पेश गर्दाका बखत राखेको धरौटी जफत गरी राजश्वमा आम्दानी बाध्ने र ७ दिनको सुचना दिई पुन बोलपत्र आब्हान गर्न कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ११ : दशै, तिहार लगायत चाडपर्व लक्षित गरी बडा भरीका बाटोहरुको मर्मत सम्भारका लागि वडाबाट रकम विनियोजन भै उपभोक्ता समितिबाट काम भएको सन्दर्भमा यसरी वडाभरी छरिएर रहेका बाटोहरुको मर्मत सम्भार गर्दा उपभोक्ता समितिको तर्फबाट जम्मा गर्नुपर्ने नगद लागत सहभागीता आवश्यक नपर्ने गरी काम गर्न गराउन कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. १२ : चालु आर्थिक वर्ष ०७५/०७६ का लागि खानेपानी शिर्षकमा रु. ८४ लाख ५० हजार विनियोजन भएकोमा उक्त रकमबाट बडाभित्रका माग भएका खानेपानी योजनाहरु सम्पन्न गर्न नसकिने देखिएकोले गत वर्षको मौज्दातबाट रु. १ करोड थप गरी खानेपानी शिर्षकमा रु. १ करोड ८४ लाख ५० हजार विनियोजन गर्ने । यसरी विनियोजन भएको कुल रकमलाई देहाय बमोजिम बाडफाँड गर्ने ।

क. खानेपानी योजना अन्तर्गत खानेपानी तथा ढल निकास विभागबाट स्वीकृत भएका र प्रदेश सरकारबाट समेत रकम विनियोजन भएका देहायका योजनामा देहाय बमोजिम रकम विनियोजन गर्ने ।

- बेलचौतारा खानेपानी योजना रु. २५ लाख
- ढोरफिर्दी खानेपानी योजना रु. ५ लाख
- भीरपानी कोन्द्रेखोल्सी खानेपानी योजना रु. ७ लाख
- मगरनास लाकुरीबोट खानेपानी योजना रु. ५ लाख,
- सावेगैरा खानेपानी योजना रु. २ लाख

ख.बुदाँ "क" बमोजिमका योजनामा वजेट विनियोजन भई बाँकी रहेको रकम रु १ करोड ४० लाखबाट वडाबाट शिफारिश भइ माग भएका खानेपानी सम्बन्धी नयाँ तथा मर्मत सम्भार योजनामा प्राविधिकको लागत अनुमान बमोजिम रकम विनियोजन गरी योजना कार्यान्वयन गर्ने ।

निर्णय नं. १३ : शु.न.पा ११ स्थित ढोर फुलबारी शहिद अस्पताल नेपाल सरकारको निर्णय अनुसार शुक्लागण्डकी नगरपालिका वडा नं. १० मा रहेको ढोरफिर्दी स्वास्थ्य चौकीमा समायोजन भए पश्चात सञ्चालनका सम्बन्धमा विभिन्न राय उठेको र सो विषयमा मिति २०७५।०९।०३ गतेका दिन सम्बन्धित वडाका वडा अध्यक्ष रामचन्द्र भण्डारीको अध्यक्षता बसेको भेलाले ढोरफिर्दी स्वास्थ्य चौकीबाट दिईने सेवामा कुनै कमी नहुने गरि अस्पतालको थप सेवा शु.न.पा ११ मा रहेको साबिक फुलबारी हस्पिटलको भवनबाट दिने र स्वास्थ्यचौकी बाट प्रशासन ,खोप,वर्थिङ सेन्टर र प्राथमिक उपचार प्रदान गर्ने सुझावलाई कार्यान्वयन गर्ने ।

प्रमुख

Scanned by CamScanner

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं. १४ : नगरपालिका क्षेत्र भित्रको पूर्वाधार विकासलाई योजनाबद्ध हिसावले अगाडी वढाउने गरी देहायका योजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने । यसरी विस्तृत परियोजना प्रतिवेदन तयार गर्न नगरपालिका आन्तरिक श्रोतबाट रु. ५० लाख विनियोजन गर्ने,

- वडा नं १० र ११ स्थित क्याङ्गदी नदी जुडी फाँट पुछारमा मोटरेबलपुलको DPR तयार गर्ने, ( दशगाहा कालीकोट हरिनास जोड्ने बाटो)
- वडा नं. ८ र ५ जोड्ने गरी सेती नदीमा पुल बनाउन मोटरेबलपुलको DPR तयार गर्ने,
- वडा नं. ९ को वडा कार्यालय जाने सुरौदी खोलामा मोटरेबलपुलको DPR तयार गर्ने,
- वडा नं. २ र ९ जोड्ने सेती खोलामा मोटरेबलपुलको DPR तयार गर्ने,
- नगरपालिका भित्रका मुख्य शहरी क्षेत्र र फिर्दी, गणपते, लालिम लगायत क्षेत्रको खानेपानी योजनाको लागि DPR तयार गर्ने,
- वडा नं. ८ र १० जोडने बाङ्गे खोलामा मोटरेबलपुलको DPR तयार गर्ने,
- वडा नं. ३ र ५ को लिजी तालको संरक्षणका लागि DPR तयार गर्ने,
- शु.न.पा. १० र भिमाद ८ जोड्ने घुमाउने निर मोटरेबलपुलको DPR तयार गर्ने,
- वडा नं. ६ को कुम्ले खोलामा मोटरेबलपुलको DPR तयार गर्ने,.
- भिमाद ९ र शु.न.पा. ११ जोड्ने बरखोलाको मोटरेबलपुलको DPR तयार गर्ने,
- वडा नं. १२ को वडा कार्यालय जाने बाटोको DPR तयार गर्ने,
- शु.न.पा. ७ र म्याग्दे गा.पा. ५ जोड्ने मदन आश्रीत चक्रपथमा पर्ने मोटरेबल पुलको DPR तयार गर्ने,
- शु.न.पा वडा नं. ७ डाङडुङ्गे मा खेल मैदानको डि.पि.आर तयार गर्ने ,
- रंगशाला शु.न.पा ८ को DPR तयार गर्ने,
- वडा नं. १ को लालध्वज मार्ग र गुवे खोला पुलको जिल्ला प्राविधिक कार्यालयबाट भएको DPR को रेट विश्लेषण गर्ने,

निर्णय नं. १५ : चालु आर्थिक वर्ष ०७५/०७६ का लागि नगरपालिका आन्तरिक श्रोतबाट स्वास्थ्य सेवाका लागि रु. १५ लाख मात्र विनियोजन भएकोमा उक्त रकममा रु. १५ लाख थप गर्ने । यसरी थप भएको रकमबाट नगरपालिकाको निर्णय अनुसार स्वास्थ्य उपचारमा सहायता उपलब्ध गराउने ।

निर्णय नं. १६ : नगरपालिकाको स्वामित्वमा रहेको डोजर चालक पदमा शु.न.पा. ४ बस्ने अर्जुन परियारले निवेदन पेश गरेकोले हेभी सवारी चालक पदले पाउने न्यूनतम तवल सुविधा पाउने गरी सेवा करारमा सम्झौता गर्ने ।

निर्णय नं. १७ : शुक्लागण्डकी नगरपालिका वडा नं. ५ को मनमोहन मोटरमार्ग अर्न्तगत नाला निर्माण र पिच (नयाँगाउ ) गर्ने भएको हुनाले नगरबाट छुट्टिएको रु ५,००,०००।- (पाच लाख ) र वडाबाट विनियोजीत रु २०,००,०००।- (विस लाख ) रुपैयाको एउटै प्राविधिक स्टीमेट गरि काम सम्पन्न गर्ने ।

Scanned by CamScanner

निर्णय नं. १८ : शुक्लागण्डकी नगरपालिका वडा नं. ५ को शिव पञ्चायन मन्दिर निर्माण शिर्षकमा वडा कार्यालयबाट २,००,०००।- (दुई लाख ) र नगरबाट छुट्टिएको रु २,२०,०००।-(दुई लाख विस हजार रुपैया ) को एउटै प्राविधिक स्टीमेट गरि काम सम्पन्न गर्ने ।

निर्णय नं. १९ :शु.न.पा ५ र ६ बाट छुट्टिएको करकले डाडामा (स्यानढुंगा ) सिमानामा छुट्टिएको वडा नं. ५ बाट रु १,००,०००।- र वडा नं. ६ बाट रु १,००,०००।- गरि जम्मा रु २,००,०००।- (दुई लाख ) को एउटै स्टीमेट गरि काम सम्पन्न गर्ने ।

निर्णय नं. २० : शु.न.पा ११ स्थित श्री गामीचौर खेलकुद मैदान निर्माण तथा उपभोक्ता समितिको निवेदन बमोजिम ११ नं. वडाको थामडाडा बडहरे टोल विकास संस्थामा अवस्थित ऐतिहासिक चौर गामीचौरमा व्यवस्थित फुटवल मैदान बनाउने उदेश्यले चन्दा संकलन कार्य तिब्र रुपमा गर्दै हालसम्म रु ६,००,०००।- (छ लाख ) रुपैया संकलन भैसकेको र कार्य सम्पन्न गर्नको लागि नगरपालिकासँग साझेदारीमा कार्य गर्न ईच्छुक रहेकोले उक्त कार्य सम्पन्न गर्नका लागि गरिएको प्राविधिक लगत ईष्टिमेट बमोजिमको रकम रु १५ (पन्ध लाख ) बरावरको लगत ईष्टिमेट बमोजिमको उक्त योजना नगर स्तरबाट साझेदारीमा कार्य सम्पन्न गर्ने ।

निर्णय नं. २१ : शु.न. पा ४ स्थित दुलेगौडा भित्री बजारको गौडाको ढिस्को सेरवाल निर्माणका लागि ४ नं. वडाबाट रु ३०००००।- (तिन लाख ) विनियोजन भएकोमा बजेट नपुगको कारण निर्माण कार्य अधुरो रहेकोले सो कार्य सम्पन्नको लागि नगरपालिकाबाट रु ३,००,०००।-(तिन लाख ) विनियोजन गरि निर्माण कार्य सम्पन्न गर्ने ।

निर्णय नं. २२ : शु.न.पा ५ मा रहेको श्री संयुक्त दुलेगौडा खैरेनी विश्वकर्मा समाजको भवन निर्माण कार्य बजेट अभावका कारण अधुरो रहेकोले (प्लास्टर,रङ्गरोगन,वाईरिङ,रेलिङ,झ्याल ढोका) सो कार्य सम्पन्न गर्न प्राविधिक ईष्टिमेट अनुसारको नपुग रकम रु ४,००,०००।- (चार लाख ) विनियोजन गर्ने ।

निर्णय नं. २३ : खैरेनीटारस्थित आर्युवेद स्वास्थ्य कार्यालयको माथिल्लो तलामा ट्रस निर्माँण गरी उक्त ट्रसको उचित प्रयोगमा ल्याउने गरी निर्माण कार्य गर्न आन्तरिक श्रोतबाट रु ७०००००।-(सात लाख ) वितियनेजान गर्ने ।

निर्णय नं. २४ : नगर प्रमुख ज्युको लागि स्वकीय सचिवको आवश्यकता परेको हुँदा शु.न.पा ६ निवासी श्री मनिष अर्याललाई मिति २०७५।०७।०१ गतेबाट लागु हुँने गरि नियुक्ति दिने ।

निर्णय नं. २५ : कार्यपालिकाको मिति २०७५।०५।०५ मा गरिएको निर्णय नं. २० अनुसार नगरको प्रेस सल्लाहाकारको रुपमा नयाँ पत्रिकाको पत्रकार तनहुँ व्यास निवासी श्री उपेन्द्र खनाललाई मिति २०७५।०७।०१ गतेबाट लागु हुँने गरि नियुक्ति दिने ।

निर्णय नं. २६ : शु.न.पा वडा नं. ९ र १० को नवनिर्मीत वडा भवनको कम्पाउण्डिङ (तारबार ) गर्न र भर्याङ छोप्ने कार्यको लागि न.पा बाट प्राविधिक ईष्टिमेट गर्न लगाई सोही बमोजिमको रकम विनियोजन गर्ने ।

Scanned by CamScanner

निर्णय नं. २७ : शु.न.पा १० स्थीत मिनमखानी गुरुङ्ग समाज भवन निर्माण गर्न प्राविधिक ईष्टिमेट अनुसारको रकम रु १५,६९,७७३.३० बराबरको कार्य नगर स्तरीय साझेदारीबाट सम्पन्न गर्ने ।

निर्णय नं. २८ : शु.न.पा १० स्थीत कालिका आमा समुह लोकदीटारमा आमा समुह भवनको ट्रस्ट निर्माण गर्न न.पा बाट प्राविधिक खटाइ इष्टिमेट बमोजिमको रकम विनियोजन गर्ने ।

निर्णय नं. २९ : शु.न.पा ६ चण्डिटोलमा नाला निर्माणको लागि प्राविधिक ईष्टिमेट अनुसारको रकम रु ४०००००।- (चार लाख ) विनियोजन गर्ने ।

प्रमुख

मिति ०७८।८।२८ गतेको नगरपालिकाको बैठकको निर्णय प्रमाणित गरेको छु ।

०७८।९।११

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner